स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



६ वर्षअघि घोषणा भएको फिल्म हो, 'पारस'। निर्माता माधव वाग्लेले आफैंले निर्देशन गर्ने गरी उक्त फिल्मको घोषणा गरेका थिए। मुख्य भूमिकामा अभिनेता अनमोल केसीलाई लिइएको थियो। तर, पछि 'पारस'को सम्पूर्ण स्वामित्व अभिनेता भुवन केसीलाई दिएर निर्माता वाग्ले फिल्मबाट अलग भए। उनी बाहिरिएपछि भुवनले फिल्मको निर्देशकमा सिमोस सुनुवारलाई भित्र्याएका थिए।

**आजको विचार...**



एसईईको ...
*(दुई पेजमा)*

सुदामप्रसाद गौतम



चलचित्र "लालीबजार"को प्रिमियर प्रदर्शन भएको छ। स्वस्तिमा खड्काको मुख्य अभिनय रहेको फिल्ममा विशाल देवकोटा, रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, प्रशंसा सुवेदी, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, आशा पौडेललगायत कलाकारहरूको अभिनय छ। निश्चल बस्नेतलाई खरानी ग्याङको लिडर भनेर बोलाएपछि हाँसो फैलिएको थियो।

❐ वर्ष ३१ ❐ अंक २८७ ❐ २०८३ जेठ २ गते शनिबार 16 May 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## रामपुरमा सार्वजनिक तथा ऐलानी जग्गा संरक्षण सम्बन्धी छलफल

# संरक्षणको नाममा भत्काउने हैन, व्यवस्थित गर्नुपर्नेमा जोड

**हाम्रा संवाददाता**

**पाल्पा,** जेठ १/ जिल्लाको रामपुरमा सार्वजनिक तथा ऐलानी जग्गा संरक्षण सम्बन्धी छलफल भएको छ । रामपुर नगरपालिकाको आयोजनामा यहाँका सरोकारवाहरुसँग सार्वजनिक तथा ऐलानी जग्गा संरक्षण सम्बन्धी छलफल भएको हो ।

सरकारको निर्देशन अनुसार सार्वजनिक तथा ऐलानी जग्गा संरक्षण, सुकुम्बासी समस्या समाधानसँगै आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको लागि सुझाव संकलन गर्न छलफल गरिएको नगरपालिकाले जनाएको छ । कार्यक्रममा सहभागीहरुले सार्वजनिक तथा ऐलानी जग्गा संरक्षण गर्ने नाममा भत्काउन नहुने बताएका छन् । उनीहरुले संरचना भत्काएर समस्या समधान नहुने भन्दै बरु ति जग्गाहरुलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिए । लुम्बिनी प्रदेश सभा अर्थ उद्योग तथा पर्यटन समितिका सभापति राजुप्रसाद श्रेष्ठले रामपुरमा अन्य जग्गा भन्दा अव्यवस्थित जग्गाको



व्यवस्थापन मुख्य समस्याको रुपमा रहेको बताए । उनले जग्गा संरक्षणको नाममा भत्काउनु भन्दा यसलाई व्यवस्थित रुपमा समाधान गर्न आवश्यक रहेको बताए । उनले फरक-फरक किसिमका जग्गाको व्यवस्थापन एकै किसिमले गर्न नसकिने भन्दै उचित समाधान खोज्नु पर्नेमा जोड दिए । स्थानीय तहलाई आदेश दिएर मात्र नहुने भन्दै सरकारले नीतिगत व्यवस्था गरी काम गर्नु पर्नेमा उनले जोड दिए । रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले अव्यवस्थित , सुकुम्बासी तथा सार्वजनिक स्थानमा बनेका संरचनालाई नगरपालिकाको मातहतमा ल्याउने बताए । उनले भत्काएर मात्र समस्याको समाधान नहुने भन्दै सार्वजनिक स्थानमा बनेका भवन संरचनालाई नगरपालिकाको मातहतमा सञ्चालन तथा व्यवस्थापन गरिने उल्लेख गरे । थापाले जोखिमयुक्त क्षेत्रमा रहेका बस्ती र सुकुम्बासी बस्तीमा रहेका नागरिकको उचित व्यवस्थान गरेर मात्र स्थानान्तरण गरिनेमा जोड दिए । उनले भने "सार्वजनिक स्थानमा बनेका संरचना हिजोको सरकारको अनुमति र निर्णय प्रमाणका आधारमा बनेका हुन्, यसको व्यवस्थापनका लागि नगरपालिका प्रतिबद्ध छ ।" नेपाली काँग्रेस रामपुर नगर सभापति नेत्रप्रसाद भट्टराईले विभिन्न सैसंस्था, सार्वजनिक जग्गामा रहेका वास्तविक सुकुम्बासीको पहिचान गरि व्यवस्थापन गर्नुपर्ने आवश्यकता औल्याए । सुकुम्बासीहरूको लागि कुनै निश्चित स्थानमा एकीकृत बस्ती विकास गरी व्यवस्थापन गर्नुपर्नेमा उनको जोड छ । तत्कालीन रामपुर गाउँ विकास समितिको बैठकको निर्णय अनुसार प्रतिष्ठान, भवनहरू निर्माण भएको बताउँदै उनले भड्काउने भन्दा पनि राज्यलाई आम्दानी हुने वातावरण सिर्जना गर्नुपर्ने बताए । नेकपा एमालेका रामपुर नगर कमिटी अध्यक्ष लिलबहादुर गाहाले अवस्थित जग्गा समस्याको रुपमा रहेको बताउँदै सम्बन्धित निकायमा पहल गर्नुपर्ने धारणा राखे । वास्तविक सुकुम्बासीको लागि सोही स्थानमा मापदण्ड अनुसार बनाउन सरकारलाई अनुरोध गर्न उनले आग्रह गरे । राष्ट्रिय स्वतन्त्र पार्टीका नगर सचिव जोगन भुजेलले सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्ने र तिनीहरु नगरपालिकाको स्वामित्वमा ल्याउनुपर्ने सुझाव राखे । सार्वजनिक स्थानमा निर्माण भएका संरचना भत्काउनु भन्दा पनि व्यवस्थापन गरेर जानुपर्नेमा उनले जोड दिए । नेपाली कम्युनिष्ट पार्टीका नगर अध्यक्ष फणेश्वर गौतमले नगर भित्र अव्यवस्थित जग्गाको समस्या जटिल रहेको बताए ।

(... **बाँकी अन्तिम पेजमा**)

## संक्षिप्त समाचार

### पहिरो जाँदा नौ जनाको मृत्यु

**(रासस/एएफपी)**

**पडाङ (इन्डोनेसिया),** जेठ १/इन्डोनेसियाको सुमात्रा टापुमा सञ्चालित एक सुन खानी नजिकै गएको पहिरोमा परी नौ जनको मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार मृतकहरुको शव खोजीकर्ताहरूले बरामद गरी सकेको छ । पश्चिम सुमात्राका प्रहरी प्रवक्ता सुस्मेलावती रोसियाले इन्डोनेसिकाको सिजुन्जुङ जिल्लामा बिहीबार सुन खानी नजिकैको चट्टान ढलेर पहिरो जाँदा तीन मिटर टाढा काम गरी रहेका खानी मजदुरहरूको समूहलाई पुरेको बताए । प्रहरीका अनुसार यो स्थान एउटा अवैध सुनको खानी हो । पहिरो जाँदा अन्य तीन जना खानी मजदुरहरु भाग्न सफल भएको पनि उनले बताए । प्रहरी तथा स्वयंसेवकहरूको समुहले पीडितहरूको खोजी गर्न भारी उपकरणहरू प्रयोग गरेर उद्धार अभियान निरन्तर जारी राखेको जनाएको छ । खनिजले धनी दक्षिणपूर्वी एसियाली मुलुक इन्डोनेसियामा इजाजतपत्र नभएका खानीहरू सञ्चालन हुने गरेको जनाइएको छ । ती खानीहरुमा स्थानीयहरू आकर्षित हुने गरेको र उचित सुरक्षा उपकरणहरू प्रयोग नगरी सुनको खोजीमा तल्लिन रहने गरेको जनाइएको छ । इन्डोनेसियामा विशेष गरी मनसुनी मौसममा कारण खानी जन्य दुर्घटनाहरू हुने गरेको जनाइएको छ ।

## तनाव व्यवस्थापनका तरिका

-नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
-परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं ।
-पर्याप्त निन्द्रा र आराम गरौं।
-स्वस्थ र सन्तुलित खाना खाने गरौं।
-आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं ।
-काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं ।
तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं ।

## लुम्बिनी मन्त्रिपरिषद् बैठक : मन्त्रालय संख्या आठ कायम गर्ने तयारी

**लुम्बिनी,** जेठ १/लुम्बिनी प्रदेश सरकारले आगामी साउन १ गतेदेखि प्रदेश मन्त्रालय आठ कायम गर्नेगरी तयारी अघि बढाएको छ ।

प्रदेश सरकारको शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिलाई यथाशीघ्र मन्त्रालयको संगठन संरचना पुनरावलोकन गरी प्रतिवेदन पेस गर्न जिम्मेवारी दिएको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए ।लुम्बिनीमा हाल १२ वटा मन्त्रालय छन् । प्रमुख सचिव कृष्णप्रसाद काप्रीको संयोजकत्वमा यसअघि गठन भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिलाई प्रदेश सरकार



कार्यविभाजन) नियमावली, २०७९ मा आवश्यक संशोधनको मस्यौदासहित प्रतिवेदन पेस गर्न निर्देशन दिइएको छ । बैठकले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले सवारीसाधन नवीकरण तथा पटके सेवा सञ्चालनसम्बन्धी प्रस्ताव स्वीकृत गरेको छ । अब आगामी आर्थिक वर्षदेखि यातायात व्यवस्था कार्यालय नभएका जिल्लाका हकमा सवारी दर्ता किताब नवीकरण (बिलबुक) एवं अस्थायी बाटो इजाजत सेवा प्रदान गर्ने निर्णय गरिएको छ ।

*(... बाँकी अन्तिम पेजमा)*

नेपाल सरकार

**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## खडेरीको जोखिमप्रति सजग बनौँ

सामान्यत: जेठ ३० गते अर्थात जुन १३ देखि नेपालमा मनसुन सुरु हुन्छ भन्ने मान्यता रहेको छ । तर यस वर्ष वैशाखकै पहिलो हप्तादेखि नै देशका केही ठाउँहरुमा वर्षा भइरहेको छ । यो विश्वव्यापी जलवायु परिवर्तनको असरको प्रभाव हो भन्दा फरक पर्दैन । जलवायु परिवर्तनको असरका कारण नेपालको मनसुनी वर्षा प्रभावित हुने प्रवृत्ति अहिले बढेको छ । यसले मनसुनको समयमा खडेरीको सम्भावना बढाउँदै नेपालको कृषि बाली जोखिममा पार्ने सम्भावना बढाएको छ ।

पुरानो कालखण्डको प्रवृत्ति हेर्ने हो भने ठ्याक्कै मनसुनको अवधि जेठ अन्तिमदेखि भदौ अन्तिमसम्मको चार महिनालाई वर्षा ऋतु मानिन्थ्यो । मनसुनपूर्वको समयमा हल्का वर्षा र हावाहुरी मात्र चल्थ्यो । त्यसपछि मनसुन सुरु हुन्थ्यो । असार महिनाभरजसो नै वर्षा निरन्तर हुन्थ्यो । साउन र भदौमा हल्का झरी कायम रहन्थ्यो । तर पछिल्ला केही वर्षयता यी मनसुनका चार महिना जेठ, असार, साउन र भदौमा वर्षा कम हुने गरेको छ । त्यसपछि लम्बिएर दसैं र तिहारका बेला बेमौसमी वर्षाका रूपमा मनसुनको वर्षा ओइरिने प्रवृत्ति बढेको हो । यस वर्ष पनि सोही प्रवृत्ति दोहोरिने भएको छ । जल तथा मौसम विज्ञान विभागले आउँदो मनसुनको अवधिमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने प्रक्षेपण गरेको छ । लम्बिँदै गएको मनसुनको प्रवृत्तिलाई विभागले आत्मसात् गर्दै मनसुन अवधि आउँदो जेठ १८ देखि असोज १४ गतेसम्मको चार महिनाको रहने जनाएको छ । मनसुन ऋतुको जलवायु प्रक्षेपण सार्वजनिक गर्दै पानी कम पर्ने र अधिकतम तथा न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी हुने प्रस्ट पारेको छ । यसले यस वर्ष खडेरीको जोखिम बढ्ने सम्भावनालाई प्रष्ट पार्दछ । खडेरीको जोखिममा सबै भन्दा बढी कृषि क्षेत्रमा पर्ने देखिन्छ । यसको असर परम्परागत खेती प्रणालीमा बढी देखिन्छ । किसानले आकासे पानीमा मात्र निर्भर रहने अवस्था अब छैन । त्यसैले वर्षा सङ्कलन, पोखरी निर्माण र सिँचाइ प्रणालीको विस्तारलाई प्राथमिकतामा राख्नुपर्छ । स्थानीय तहले साना सिँचाइ आयोजना र पानी सङ्कलन प्रविधि तत्काल लागू गर्न सके खडेरीको असर न्यून गर्न सकिन्छ । यस्तै, बीउको छनोटमा वैज्ञानिक दृष्टिकोण आवश्यक छ । सुख्खा–१ देखि सुख्खा–६ जस्ता धानका जातहरुले खडेरी सहन सक्ने भएकाले किसानका लागि विकल्प हुन सक्छ । तर, बीउ मात्र उपलब्ध गराउनु पर्याप्त हुँदैन । किनभने किसानलाई यसको प्रयोग विधि, जमिन तयारी र पानी व्यवस्थापनबारे प्राविधिक सहयोगको पनि खाँचो पर्छ । कृषि प्राविधिकलाई गाउँस्तरमा परिचालन गरेर प्रत्यक्ष परामर्श दिने व्यवस्था गर्नुपर्छ । यसो गर्न सकियो भने पनि खडेरीबाट हुन सक्ने जोखिमलाई कम गर्न सकिन्छ । तसर्थ यसतर्फ सबै सजग हुन जरुरी छ ।

### Opinion @ Social Network

जीवनमा भेटिने मान्छेहरू बादल जस्तै हुन्, कोही आएर शीतलता छर्छन् कोही गएर उज्यालो ।

*(शान्ता ढकालेको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# एसईईको नतिजा, कागजी न्याय र आशाका किरणहरू



## सुदामप्रसाद गौतम

वर्तमान सरकार गठन भएलगत्तै माध्यमिक शिक्षा परीक्षा (एसईई) हुँदै थियो । सरकारले एसईईको नतिजा एक महिनाभित्रै प्रकाशन गर्ने निर्णय गऱ्यो । सरकारको निर्णयलाई कार्यान्वयन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबै परीक्षा केन्द्रहरूलाई परिपत्रसमेत जारी गऱ्यो । सरकारको यो निर्णय र निर्देशन धेरैका लागि अप्रत्याशित र आश्चर्यजनक नै थियो ।विगतमा तीन महिना लाग्ने काम एक महिनामै सक्ने निर्णय धेरैका लागि अचम्मको विषय बन्यो । केही विज्ञहरूले सामाजिक सञ्जालमा यसको आलोचनासमेत गरे । हतारमा काम गर्दा प्रणाली नै बिग्रन सक्ने तर्क उनीहरूको थियो ।तर सरकारले नयाँ निर्देशिका ल्याएर परीक्षालाई व्यवस्थित बनायो । परीक्षा सकिएको तीन दिनभित्रै उत्तरपुस्तिका जाँच्ने व्यवस्था गरियो । विगतमा निश्चित विज्ञले मात्र कापी जाँच्थे । यसपालि सम्बन्धित केन्द्रका विषय शिक्षकलाई नै जिम्मेवारी दिइयो । अन्तत: अनेकौं प्रश्न, आलोचना र आशंका चिर्दै निर्धारित समयसीमाभित्रै नतिजा प्रकाशन भयो । यसले एउटा 'पाराडाइम सिफ्ट' (चिन्तन पद्धतिमा परिवर्तन) गरिदिएको छ ।

**एसईई परीक्षा**

यस वर्ष देशभरबाट चार लाख ३० हजार ६६७ विद्यार्थी परीक्षामा सहभागी भएका थिए । जसमध्ये दुई लाख ८४ हजार १६० जनाले विभिन्न ग्रेड प्राप्त गरेका हुन् भने एक लाख ४६ हजार ५०७ जना 'नन ग्रेडेड' (एनजी) मा परेका छन् । ननग्रेडेड भएका विद्यार्थीले ग्रेडवृद्धि (मौका) परीक्षाको अवसर प्राप्त गर्नेछन् ।यसअघि २०८१ सालको एसईई नतिजामा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । यस वर्ष उक्त प्रतिशत बढेर ६५.९८ पुगेको हो । अघिल्लो वर्षको तुलनामा यस वर्ष ४.१७ प्रतिशत बिन्दुले नतिजामा सुधार आएको देखिएको छ । २०८० सालको एसईईमा ४७.८६ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण भएका थिए भने ५२.१४ प्रतिशत विद्यार्थी ननग्रेडेड भएका थिए । लगातार दोस्रो वर्ष पनि नतिजामा सुधार देखिएपछि शैक्षिक क्षेत्रमा सकारात्मक संकेत देखिएको छ ।सार्वजनिक नतिजाअनुसार सबैभन्दा बढी ३.६ देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या ४८ हजार ३९२ रहेको छ । त्यस्तै ३.२ देखि ३.६ जीपीए ल्याउने ८० हजार ३७२, २.८ देखि ३.२ जीपीए ल्याउने ९४ हजार २२२ र २.४ देखि २.८ जीपीए ल्याउने ५५ हजार ९७७ विद्यार्थी रहेका छन् । यस्तै २ देखि २.४ जीपीए ल्याउने पाँच हजार १९० विद्यार्थी रहेका छन् भने १ देखि २ जीपीए ल्याउने विद्यार्थीको संख्या सात रहेको छ । यो नतिजाले शिक्षा क्षेत्रमा सकारात्मक ऊर्जा थपेको छ ।नेपालको शिक्षा बदल्न सबैभन्दा पहिला सामुदायिक विद्यालयलाई व्यवस्थित बनाउनैपर्दछ । सामुदायिक विद्यालयको आमूल रूपान्तरण गर्नैपर्दछ ।यसपटक जनशक्ति थप गर्नुका साथै नयाँ निर्देशिकाको कडाइका साथ कार्यान्वयन गरिएकाले समयमा नतिजा आउन सम्भव भयो । 'माध्यमिक शिक्षा परीक्षा (एसईई) व्यवस्थापन तथा उत्तरपुस्तिका परीक्षण निर्देशिका, २०८२' मा 'परीक्षा समाप्त हुने समयमा तोकिएका परीक्षकहरू परीक्षण केन्द्रमा पुगिसक्नुपर्ने' व्यवस्था गरिएको थियो ।विगतमा परीक्षा केन्द्रमा उत्तरपुस्तिका पोको पारेर राख्ने गरिन्थ्यो । यसपटक उत्तरपुस्तिका थुपारेर राख्ने पुरानो चलन हटाइयो । तीन दिनभित्र विषयगत शिक्षकलाई समानुपातिक रूपमा वितरण गरेर सरासर जाँच गर्न लगाइएको थियो ।परीक्षण भएका उत्तरपुस्तिका आउनुअगावै प्राप्ताङ्क संकलन र प्रविष्टिको कामलाई पनि छिटो बनाइयो । उत्तरपुस्तिका प्राप्त भएपछि त्यसलाई भिडाएर टेबुलेसन गरियो । नयाँ निर्देशिकामा परीक्षा भएकै दिन परीक्षक र सम्परीक्षकलाई उत्तरपुस्तिका बुझाइने, परीक्षणमा लापरबाही गरेको पाइएमा लापरबाहीको मात्रा हेरी पुन: परीक्षण गराउने, पारिश्रमिक कट्टा गर्ने वा परीक्षकको सूचीबाट नाम हटाउने, अन्य अमर्यादित कार्य गरेमा प्रचलित कानुनबमोजिम विभागीय कारबाहीसमेत गर्ने व्यवस्था गरिएको थियो ।यसपटक विगतका तुलनामा नतिजा सुधार पनि भएको छ । यसले नयाँ सरकारले शैक्षिक पात्रोलाई सही अर्थमा कार्यान्वयन गर्न सक्ने विश्वास पनि पलाएको छ । यसले दशकौंदेखि जकडिएर बसेको 'नेपालमा केही हुँदैन' भन्ने निराशावादी भाष्यलाई ध्वस्त पारेको छ । धेरैका सिमेन्टेड धारणा भत्काएको छ । 'गरे सम्भव हुन्छ' भन्ने तथ्य पुष्टि गरेको छ । राज्यको दृढ इच्छाशक्ति र शिक्षकमाथिको भरोसाको शक्ति देखाएको छ । यो 'शिक्षकलाई जिम्मेवारी र विश्वास दिँदा परिणाम राम्रो आउँछ' भन्ने बलियो प्रमाण हो ।यो सफलताको पछाडि सरकारको निर्देशन मात्र थिएन, बरु उत्तरपुस्तिका परीक्षणको परम्परागत र झन्झटिलो प्रक्रियालाई चिरेर सम्बन्धित परीक्षा केन्द्रका विषय शिक्षकहरूलाई नै जिम्मेवारी दिने निर्णय प्रमुख थियो । सुरुमा केही पूर्वप्रशासक र विज्ञहरूले समेत प्रणालीमा समस्या आउने आशङ्का गर्दै सामाजिक सञ्जालमा आलोचना गरेका थिए । अन्तत: शिक्षकप्रतिको विश्वासले नै सबै आशङ्कालाई गलत साबित गरिदियो ।यसले 'यदि नियत सफा छ र संकल्प दृढ छ भने प्रक्रियाहरू परिणामका बाधक होइनन्, सहायक हुन्' भन्ने सन्देश दिएको छ । कतिपयले प्रणाली बिग्रने आशङ्का गर्नुका पछाडि उनीहरूको प्रक्रियाप्रतिको अन्धविश्वास थियो । यसले 'विश्वास नै सबैभन्दा ठूलो प्रशासनिक शक्ति हो' भनेर प्रमाणित गऱ्यो । वास्तवमा यो नतिजा शिक्षकमाथिको विश्वासको परिणाम हो । शिक्षकलाई विश्वास गरेर जिम्मेवारी दिइएमा र शिक्षकमाथिको लगानी बढाइएमा देशको शैक्षिक गुणस्तर वृद्धि हुन्छ भन्ने कुराको यो प्रमाण हो । प्रधानाध्यापक सै नेपाल (पान) मार्फत हामीले यो कुरा विगतदेखि नै भन्दै आएका थियौँ । 'सामुदायिक विद्यालयको अवस्था बदल्न शिक्षक र प्रधानाध्यापकहरूमाथि विश्वास गरिनुपर्छ र लगानी बढाइनुपर्छ' भनेर हामीले आवाज उठाउँदा कतिपयले सामुदायिक विद्यालयको अवस्था देखाएर त्यसलाई व्यक्ति-केन्द्रित मुद्दा जस्तो बनाए ।पानले सामुदायिक विद्यालयको अवस्था बदल्न देशभरका विद्यालयका प्रधानाध्यापकहरूलाई विविध खालका तालिमहरू सञ्चालन गऱ्यो । प्रअहरूको क्षमता अभिवृद्धि गर्न र सामुदायिक विद्यालयको चित्र बदल्ने पानको अभियान सुरुमा यस्तै आशङ्का र प्रश्नहरूबीच थियो । तर, जब पानले देशभरका प्रअहरूको सञ्जाल तयार गरी कार्यक्रम अघि बढायो, त्यसपछि धेरैमा नयाँ आशा जन्मायो ।नेपालको शिक्षा बदल्न सबैभन्दा पहिला सामुदायिक विद्यालयलाई व्यवस्थित बनाउनैपर्दछ । सामुदायिक विद्यालयको आमूल रूपान्तरण गर्नैपर्दछ । तिनलाई गर्व गर्न लायक शैक्षिक केन्द्रका रूपमा उठाउनैपर्दछ । शिक्षकहरूमाथि विश्वास गरेर उनीहरूको क्षमता विकासमा ध्यान दिनैपर्दछ । राज्यले चाहेमा र सरकार इमानदारीपूर्वक लागेमा सामुदायिक विद्यालयहरू नयाँ उचाइमा पुग्नेछन् ।कतिपयलाई 'नेपालमा सामुदायिक विद्यालयहरू कहिल्यै पनि माथि उठ्न सक्दैनन्' भन्ने लाग्छ । 'सामुदायिक विद्यालय बदलिने कुरा फलामको चिउरा चपाउनुसरह हो' भन्ने उनीहरूलाई छ । तर, जसरी 'एक महिनाभित्र एसईईको नतिजा सार्वजनिक गर्न सम्भव छैन' भनेर बनाइएको भाष्य तोडियो, त्यसैगरी 'एक वर्षमै सामुदायिक विद्यालय नयाँ ठाउँमा पुऱ्याउन सम्भव छ' भन्ने तथ्य प्रमाणित गर्न सकिन्छ । त्यसका लागि शिक्षा मन्त्रालय, मातहतका सबै निकाय, विद्यालय व्यवस्थापन, प्रअ, शिक्षक र सरोकारवाला सबैले 'यो सम्भव छ' भन्ने कुराको संकल्प गरेर लाग्नु जरुरी छ ।नेपालको सार्वजनिक प्रशासन र शिक्षा क्षेत्रमा एउटा गहिरो मनोवैज्ञानिक 'क्यान्सर' रोग छ-'कुनै पनि काम समयमै सम्पन्न नहुने र प्रक्रियाको नाममा परिणामलाई ओझेलमा पार्ने ।' परिणामभन्दा कागजी प्रक्रियालाई मात्र महत्त्व दिइन्छ । यसले गर्दा मिहिनेती शिक्षकहरू पनि निरुत्साहित छन् ।राज्यका संरचनाहरू त छन्, तर ती सबै फड्के किनाराका साक्षी जस्तै भएका छन् । हरेक काम(कार्यमा प्रक्रिया पूरा गर्ने नाममा ढिलासुस्ती गर्नु राष्ट्रिय रोग जस्तै छ । प्रक्रिया एक कर्मकाण्ड जस्तो छ । नियत र परिणाम नहेर्ने, प्रक्रिया मात्रै हेर्ने गरिन्छ । 'प्रक्रिया पुऱ्याउन महिनौँ/वर्षौं लागे पनि लागोस्, बरु काम नै नहोस् तर कागजपत्र-प्रक्रिया सबै मिल्नुपर्छ, मिलाउनुपर्छ' भन्ने रोगले देशमा जबर्जस्त राज गरेको छ ।नेपाली प्रशासनको ठूलो समस्या 'कागजी न्याय' हो । प्रक्रिया पुगेको छ भने परिणाम शून्य भए पनि यहाँ कसैलाई कारबाही हुँदैन । तर प्रक्रियामा सानो तलमाथि भएमा परिणाम जतिसुकै उत्कृष्ट आए पनि त्यसलाई स्वीकारिँदैन । यो अमानवीय छ । शिक्षा जस्तो जीवन्त क्षेत्रमा जहाँ विद्यार्थीको भविष्य जोडिएको हुन्छ, त्यहाँ प्रक्रियाको नाममा परिणामलाई बन्धक बनाइनु हुँदैन । हामीले बुझ्नुपर्छ कि प्रक्रिया मानिसका लागि बनाइएको हो, मानिस प्रक्रियाका लागि होइन । जब कानुनले मानिसको प्रगति र समयको मूल्य बुझ्दैन, तब त्यो कानुन सुधार गर्नु आवश्यक हुन्छ ।कुनै पनि राष्ट्रको मेरुदण्ड त्यसका सिर्जनशील नागरिक र साहसिक निर्णय लिन सक्ने प्रशासकहरू हुन् । तर, प्रक्रियाको जञ्जालले एउटा यस्तो मनोवैज्ञानिक घेरा निर्माण गरिदिएको छ, जहाँ 'गल्ती नगर्ने' नाममा 'केही पनि नगर्ने' प्रवृत्ति हुर्किएको छ । एकजना प्रधानाध्यापकले विद्यालयको शैक्षिक गुणस्तर सुधार्न आफ्नो दिनरात समय दिन्छ, मिहिनेत र पसिना बगाउँछह तर राज्यको प्रणालीले उसको त्यो मिहिनेतलाई देख्दैन ।बरु एउटा सानो प्राविधिक प्रक्रिया नमिलेको निहुँमा उसलाई अपराधीको कठघरामा उभ्याइन्छ । यो प्रवृत्तिले 'पहलकदमी' लिने इच्छाशक्तिलाई मार्ने काम गर्छ । वास्तवमा यो संकीर्ण जडता हो, जसले मानिसलाई यन्त्र बनाउँछ र मानवीय संवेदना तथा आवश्यकतालाई कागजको पानामा कैद गरिदिन्छ ।

यहाँ प्रक्रिया आफैँमा एउटा गन्तव्य जस्तो बन्न गएको छ । जब साधन नै साध्य बन्न पुग्छ, तब प्रणालीमा एउटा गम्भीर विचलन आउँछ । यो एक प्रक्रियामुखी क्यान्सर हो । यो यस्तो रोग हो, जहाँ बिरामीको उपचार भयो कि भएन भन्ने कुरा गौण हुन्छ, अस्पतालको कागजी प्रक्रिया मिल्यो कि मिलेन भन्ने कुराले प्रधानता पाउँछ । वास्तवमा यो अर्थहीन कर्मकाण्डबाहेक केही होइन । यसले गर्दा शिक्षकहरू पहलकदमी लिनुभन्दा 'घाम ताप्ने र समय टार्ने' बाध्यतामा अभ्यस्त छन् । अब यसलाई तोड्न जरुरी छ ।एसईईको नतिजाले देखाएको छ कि नियत सफा भए असम्भव काम पनि सम्भव हुन्छ । सामुदायिक विद्यालयलाई गर्व गर्न लायक बनाउन अब सबै सरोकारवालाले संकल्प गर्नुपर्छ । राज्यले इमानदारीपूर्वक प्रयास गरे एक वर्षमै विद्यालयको अवस्था बदल्न सकिन्छ । प्रक्रियाको नाममा परिणाम ओझेलमा पार्ने प्रवृत्ति त्यागेर अब नतिजामुखी शिक्षामा लाग्नुपर्छ ।

***(गौतम प्रधानाध्यापक संघ नेपालका केन्द्रीय अध्यक्ष समेत हुन् ।)***

***-अनलाईन खबर***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोकिएको विषय फेरि चल्न सक्छ। सफलता मिल्ने संकेत छ। | **तुला** : सम्बन्धमा मिठास बढ्ने समय छ। सहकार्यले काम सजिलो बनाउनेछ। |
| **वृष** : । अधुरा सोचले अलमल गराउन सक्छ। शान्त भएर अघि बढ्दा सहज हुनेछ। | **वृश्चिक** : कामको चाप केही बढ्न सक्छ। सानो प्रयासले राम्रो उपलब्धि प्राप्त हुनेछ। |
| **मिथुन** : मनमा रमाइलो ऊर्जा बढ्नेछ। चाहेको खबर सुन्न पाइने सम्भावना छ। | **धनु** : मनमा उमंग उत्साह बढ्नेछ। सिर्जनात्मक सोचले राम्रो परिणाम ल्याउने छ। |
| **कर्कट** : आफ्नो क्षमता देखाउने मौका मिल्नेछ। धैर्य राख्दा सम्मान बढ्नेछ। | **मकर** : मन संवेदनशील बन्ने संकेत छ। शान्त व्यवहारले सहजता ल्याउनेछ। |
| **सिंह** : भाग्य राम्रो रहने छ। सिकाइ र ज्ञानबाट फाइदा हुन सक्छ। | **कुम्भ** : नयाँ जानकारीले उत्साहित बनाउन सक्छ। छोटो दूरीको यात्रा हुन सक्नेछ। |
| **कन्या** : लेनदेनमा सतर्कता आवश्यक रहनेछ। धैर्यले समस्या कम गराउनेछ। | **मीन** : आर्थिक पक्ष बलियो बन्ने संकेत छ। मेहनतअनुसार लाभ प्राप्त हुन सक्छ। |

# साहित्य दर्पण

समीक्षा — नरेन्द्रराज प्रसाई

## विजय मल्लको साहित्यिक यात्रा

विजय मल्लले बाल्यकालमै साहित्य बुझेका थिए । आफ्ना बुबा ऋद्धिबहादुर मल्लको साहित्यप्रतिको निष्ठाबाट उनी खूबै प्रेरित थिए । साथै आफ्ना दाजु गोविन्दबहादुर मल्ल "गोठाले" को सिर्जना पनि उनको प्रेरणा बनेको थियो । त्यसैले दरबार स्कुलमा पढेताका नै उनले कविता लेख्न थालेका थिए । त्यस स्कुलबाट विद्यार्थीद्वारा भित्ते पत्रिका प्रकाशित हुन्थ्यो । त्यही भित्ते पत्रिकामा उनले पनि "दुई पसले" शीर्षकको एउटा कथा लेखेका थिए । त्यसै कथाले उनलाई त्यस बेला गुरुहरूमाझ परिचित गराएको थियो । त्यसपछि नै उनी शुक्रमण्डलीको भित्ते पत्रिकाको सम्पादकसमेत बनेका थिए । उनको साहित्यप्रतिको आकर्षण देखेर हेडमास्टर रूद्रराज पाण्डेले उनलाई "भविष्यको एउटा तारा" भनेर सम्बोधन गरेका थिए । विजय मल्ल बालखैदेखि साहित्यसित सहोदरी थिए । उनी आठ वर्षको हुँदा नै उनको भित्री गोजीमा कागजका खोस्टा र चुरोटको बट्टाका टुक्राहरू हुन्थे । यसरी कागजका टुक्रा र चुरोटको बट्टामा कविता कोर्न उनले महाकवि लक्ष्मीप्रसाद देवकोटाको सिको गरेका थिए । उनको त्यो चालामाला देखेर एक पटक उनका बुबाले उनलाई भनेका थिए, 'तँ त अचम्मकै प्राणी रहेछस् । बहुलाले झैँ कागजका टुक्राले खल्ती भरिछस् ।' आफ्ना बुबाको कुरा सुनेर उनले जवाफ दिएका थिए, 'यी कागजका टुक्राहरूमा मेरा कविता छन् ।' उनको साहित्य उपरको झुकाव देखेर उनका बुबा उनीसित खुसी थिए । अनि केही दिनपछि उनका बुबाले उनलाई एउटा रजिस्टर कापी दिँदै भनेका थिए, 'तैँले तेरा ती सबै कविता यसै कापीमा सार् अनि तेरा कविता सधैँलाई सुरक्षित हुन्छन् ।' त्यसपछिदेखि भने विजय मल्लले पनि त्यसै गरेका थिए ।विजय मल्ललाई साहित्यलेखनमा अभिप्रेरित गर्ने उनकै बुबा थिए । आफ्नो साहित्यलेखनका प्रथम गुरु आफ्नै बुबा भएको बेहोरा उनले सधैँभरि भन्दै पनि आएका थिए । यसै प्रसङ्गमा उनले लेखेका पनि थिए, 'अहिलेसम्म पनि जब-जब म कुनै कपीमा कविता, कथा, नाटक लेख्न सुरु गर्छु, त्यस बखत मेरा बुबाको त्यस बेलाको अनुहार र उपदेशलाई सम्झन म थाल्छु र आजसम्म पनि मेरो मनस्थिति यस्तै प्रकारको रहेको छ ।' विजय मल्ल सानैमा उपन्यास पढ्थे । त्यति बेला प्राय: किशोरहरू जासुसी उपन्यास नै पढ्ने गर्थे । उनलाई जासुसी उपन्यास पढ्न उर्मिला राणाका छोरा शङ्करले उक्साएका थिए । त्यसैले उनले जासुसी उपन्यास खोजीखोजी पढ्न थाले । उनी एकान्त जहाँ छ, त्यहाँ उपन्यास लिएर पुग्थे । उनी शौचालयमा समेत पसेर त्यस्तै खाले उपन्यास पढ्थे । एक दिन उनका बुबाले उनको त्यो बेहोरा थाहा पाए । अनि भोलिपल्टै उनका बुबाले बजारबाट विजय मल्लका हातमा दुईवटा किताब थमाइदिएका थिए । आफ्ना बुबाबाट प्राप्त ती दुई कृति हिन्दी भाषामा लेखिएको प्रेमचन्द्रको "निर्मला" उपन्यास र टोल्सटोयको अङ्ग्रेजी भाषाको "एक्काइस कथा" थिए । उनले औपचारिक रूपमा पढेका प्रथम साहित्यिक कृति पनि तिनै थिए ।

विजय मल्ललाई लेख्न र पढ्न उद्धत गर्ने प्रमुख पात्र भवानी भिक्षु देखिए । भिक्षुकै कारण मल्ल साहित्यको भञ्याङ चढ्न थालेका थिए । भिक्षुकै पारामा लागेर उनले प्राय: हिन्दी र अङ्ग्रेजी भाषामा लेखिएका कृति पढेका थिए । यसबारे उनले लेखे, -भवानी भिक्षु काजी दाइ (सिद्धिचरण श्रेष्ठ)का साथ हाम्रो घरमा आउनुभएको थियो र त्यसपछि उहाँ र बुबा घनिष्ठ मित्र हुनुभयो । उहाँले हिन्दीमा लेखेको "मानवकथा" बुबाले नेपालीमा अनुवाद गरी "शारदा" मा प्रकाशित गरिदिनुभयो र त्यसपछि भिक्षु आफू स्वयम्ले नेपालीमै कथा लेख्न थाल्नुभयो र कैयौँ कथाहरू "शारदा" मा प्रकाशित भए । म पनि भिक्षुका साथमा हिन्दी बोल्ने अभ्यास र कविता लेख्ने प्रयास गर्न थालेँ । एक प्रकारले भिक्षुको ममाथि साहित्य र विचारको ठुलो प्रभाव परेको छ । भिक्षुको प्रेरणाले म शरच्चन्द्र, रवीन्द्रनाथ ठाकुर, प्रेमचन्द, जयनेन्द्रकुमार, भगवतीशरण बर्मा, अस्कर, मन्टो आदि कैयौँ लेखकका रचनाहरू हिन्दी भाषामा पढ्ने गर्ने र यसले गर्दा ममा साहित्यप्रतिको आस्था र रुचि जाग्रत् भयो र लेख्ने प्रेरणा प्राप्त भयो । यसै रीतले हिन्दीका तत्कालीन कविहरू महादेवी बर्मा, पन्त र बच्चन आदिसँग मेरो परिचय भयो । अङ्ग्रेजी र हिन्दी भाषाका अधिकांश लेखकहरूका रचना मैले पढ्न थालेँ । यसै प्रकारले रुसी, फ्रान्सेली, अमेरिकी साहित्यसँग मेरो परिचय बढ्दै गयो । नेपाली भाषा सिक्दै गरेका भवानी भिक्षु विजय मल्लका नेपाली साहित्यिक गुरु थिए । भिक्षु आफू लेख्दै जान्थे र मल्लका अघि पनि कापीकलम राखिदिने गर्थे । यस विषयमा मल्लले आफ्नो डायरीमा पनि लेखे– 'भवानी भिक्षुको विचारको ममाथि ठुलो प्रभाव पर्‍यो । उनैका कारण साहित्यप्रतिको मोह, आस्था र रुचि मभित्र जागृत भयो । त्यसपछि मैले पनि साहित्य लेख्न थालेँ ।' त्यति मात्र होइन सिद्धिचरण श्रेष्ठ र केदारमान व्यथित पनि मल्लको साहित्यिक यात्राको भरपर्दो लिस्नो थिए । सिद्धिचरण श्रेष्ठसित चाहिँ विजय मल्लको घरायसी, आत्मीय र भरपर्दो सम्बन्ध थियो । यसैबारे मल्लले आफ्नो टिपोटमा पनि उल्लेख गरे,-म सिद्धिचरण श्रेष्ठलाई आफ्नै दाजुसमान काजी दाइ भनेर सम्बोधन गर्थें र अहिलेसम्म पनि उहाँलाई सम्झँदा काजी दाइ नै भनेर सम्झने गर्छु । लक्ष्मीप्रसाद देवकोटाका "सुन्दरीजल", "यात्री" आदि कविताहरू मैले "शारदा" मै पढेको थिएँ र मेरा बुबाकै कोठामा देवकोटाजीले प्रकाशित हुनुअगाडि नै "मुनामदन" लय हालेर पढेर सुनाउनुभएको मैले सुन्ने अवसर पाएको थिएँ । काजी दाइ अर्थात् सिद्धिचरणको 'मेरो प्यारो ओखलढुङ्गा' र 'जाऊँ गोमा त्यस देशमहाँ पीर कुनै पनि छैन जहाँ' यो भनाइ भएको "गोमा" शीर्षकको कविता "शारदा" पत्रिकामा प्रकाशित हनुभन्दा अगाडि नै उहाँका मुखबाट सुन्ने अवसर पाएको थिएँ र मलाई त्यसले अत्यन्त प्रभावित पारेको थियो । काजी दाइलाई बुबाले बाल्यकालमा पढाउनुभएको हुनाले सधैँ आफू शिष्यझैँ छोरासमान व्यवहार गर्नुहुन्थ्यो र उहाँ पनि बुबालाई पाजू ( मामा) भनेर सम्बोधन गर्नुहुन्थ्यो । विजय मल्लले नौदस वर्ष भएदेखि नै नेपाली साहित्यका महारथीहरूको सामीप्य पाएका थिए । कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटा प्राय: "शारदा" को कार्यालय पुगिरहन्थे । विजय मल्ल भने उनीहरू कतिखेर आउलान् भनेर बाटो ढुकिरहन्थे । तिनै त्रिमूर्तिलाई पनि गुरु थापेर उनी आफ्नो सिर्जना गर्थे । त्यस बेला उनी लेख्दै त्रिमूर्तिलाई आफ्ना रचना सुनाउने गर्थे । त्यति बेलै आफ्नै घरमा शुक्रराज शास्त्री, सरदार रुद्रराज पाण्डे, गुरुप्रसाद मैनाली, गोपालप्रसाद रिमाल, पुष्करशमशेर, फदयचन्द्रसिंह प्रधानसित पनि उनले सधैँ भेटघाट गर्ने अवसर पाएका थिए । त्यसै बेलादेखि उनका अर्का घनिष्ठ पात्र थिए– श्यामदास वैष्णव । मल्ल बाँचुन्जेल वैष्णवसित उनको घाँटी जोडिइ नै रहेको थियो । विजय मल्लले दरबार हाईस्कुलको भित्ते पत्रिकामा कविता लेखेर साहित्यलेखनको औपचारिक श्रीगणेश गरे । तर "शारदा" मा चाहिँ १९९७ सालमा "स्मृति" शीर्षकको कविता लेखेर उनको मुद्रणका माध्यमको लेखन आरम्भ गरेका थिए । सुरुसुरुमा उनका रचना मिलाइदिने स्रष्टाचाहिँ भवानी भिक्षु नै थिए । उनलाई लेख्नै पर्छ भनेर घचघच्याउने पनि भिक्षु नै थिए । त्यति बेला भिक्षुको गुन्टा नै मल्लको घरमा थियो । त्यहीँ बसेर उनी खान्थे, सुत्थे र "शारदा" को सारा प्रुफ हेर्ने गर्थे । विजय मल्लको मन पर्ने विषय कथा श्रवण थियो । त्यसैले उनी सानैदेखि कथा सुन्न जोरगणेश प्रेस धाउँथे । त्यस प्रेसका कम्पोजिटर गोकुलदास तण्डुकार कथा भन्ने गर्थे । त्यसैले मल्ल उनको कथा सुन्न सधैँ उनैसित झुम्मिन्थे । बाल्यकालमा नै तण्डुकारको कथा सुनेर उनी कथालेखनमा आकृष्ट भएका थिए । त्यसपछि उनले कथा साहित्यलेखनमा ध्यान दिन थालेका थिए । त्यसबारे मल्लले उत्तम कुँवरसित भनेका थिए, 'गोकुलदासले दन्त्यकथा सुनाउँथ्यो, हामी केटाकेटी झुम्मिन्थ्यौँ, पछि आफ्ना बच्चा साथी वरिपरि राखी आफैँले दन्त्यकथा बनाई सुनाउन थालेँ, यसरी कथा बनाउन सुरु गरेँ ।' विजय मल्लको कवितामा पनि रस थियो । कविताको कृति तयार भएपछि उनले पं.श्यामदास वैष्णवलाई पाण्डुलिपि जिम्मा लगाएका थिए । उनको कवितासङ्ग्रहको सम्पादन पं.श्यामदास वैष्णवले गरेका थिए । साथै सो कृतिको आवरण चित्र पनि वैष्णवले नै बनाएका थिए ।विजय मल्ल सुरुदेखि नै "हुने बिरुवाको चिल्लो पात" थिए । उनको पहिलो कृति "विजय मल्लका कविता" हो र यो २०१६ सालमा प्रकाशित भएको थियो । त्यस कृतिको भूमिका लेख्ने क्रममा सिद्धिचरण श्रेष्ठले लेखेका थिए– 'छन्द र अलङ्कारमा मात्र कवितालाई नबाँधी जोरदार गद्यद्वारा आफ्नो अभिव्यक्ति गर्ने कविको रूपमा विजय मल्ललाई हामीले पाइरहेका छौँ । उनका रचनामा विश्वासको भावना झङ्कृत हुन्छ, वर्तमान जीवनको करुण चित्रण तथा भावीको मङ्गलमय रूपको झाँकी पाइन्छ । विश्वबन्धुत्व, मानवकल्याणको भावनामा जोड दिई कवि परिवर्तन चाहन्छ । विजय मल्लको साहित्यिक व्यक्तित्व लोभिलो र गर्विलो थियो । उनको लेखनकला नै आकर्षक थियो । उनको लेखनीका बारे उनकी अन्तरी छोरी प्रा.डा.उमा श्रेष्ठले लेखेकी छिन्, 'मेरा बुबा लेखनमा व्यस्त रहँदा म भने नजिकै बसेर घण्टौँसम्म हेरिरहन्थेँ । मेचमा बसेर कुनै कथा, नाटक वा उपन्यास लेखिरहँदा उहाँको एउटा हातमा मार्कर कलम र अर्को हातमा चुरोट हुन्थ्यो । चुरोट खाँदाखाँदै नजिकै भएकी कुनै छोरीलाई उहाँले कालो कफी बनाउन लगाउनुहुन्थ्यो । हामी पनि तत्कालै भनेको मानेर कफी बनाइदिन्थ्यौँ । जाँगर चलेका बेला कफीलाई निकै बेर घोलेर तात्तातो र फिँजैफिँज भएको कफी बनाइदिन्थ्यौँ । तर धेरैजसोचाहिँ एक कप तातो पानीमा कफी घोलेर सामान्य पेय बनाइदिन्थ्यौँ । पटकपटक कफी पिउँदै बुबा कल्पनाको गहिराइमा पुगेर साहित्य सिर्जनमा व्यस्त भइरहँदा कहिलेकाहीँ त उहाँ आफ्ना छोरीहरूको नामसमेत बिर्सिनुहुन्थ्यो । कथानकको मोडमा आएको परिवर्तनसँगै उहाँको मुखाकृतिमा एक प्रकारको परिवर्तन भइरहेको र डायरीका पानामा द्रुतगतिमा कलम दगुरेको म नियालिरहन्थेँ ।२०१६ सालदेखि नै विजय मल्लको काव्यात्मक व्यक्तित्वको चर्चापरिचर्चा हुन थालेको थियो । युगकवि सिद्धिचरण श्रेष्ठले उनका कविताका बारे लेखेपछि अरूहरूले पनि उनका कविता पढेर गम्न थाले, चिन्तन गर्न थाले र लेख्न, धुरिन थाले । वास्तवमा समकालीन पुस्तालाई काव्यात्मक हाँक दिन सक्ने, चुनौती दिन सक्ने र नेतृत्वसमेत दिन सक्ने उनीभित्र प्रबल खुबी थियो । मानवतावादी, अस्तित्ववादी र स्वच्छन्दतावादी दृष्टिकोणभित्रै जोधा, यौन र मनोविज्ञान उनका रचनाका विशेषता हुन् । उनका ती एकएक धारालाई समीक्षक डा.दुर्गाबहादुर घर्तीले विवेचना गरेका पनि छन् । यसै क्रममा उनले मल्लबारे विशेष प्रकाश पारेका पनि छन् । 'विजय मल्लका कविता विचारप्रधान छन् । तिनमा विशेष गरी आजका मान्छेले भोग्नुपरेको अस्तित्वको संकट प्रस्तुत गरिएको पाइन्छ । दोस्रो विश्वयुद्धपछि शक्तिशाली मुलुकहरूबिच जुन शीतयुद्ध चर्कियो, त्यसले तेस्रो विश्वयुद्धको त्रास पनि उत्पन्न गर्‍यो । आणविक हातहतियारको आविष्कार, शक्तिशाली देशहरूका बिच होडबाजी, विश्वको ध्रुवीकरणजस्ता कारणले मानवीय अस्तित्व समाप्त हुने परिस्थितिको सिर्जना हुन थाल्यो । त्यस प्रकारको विश्वजनीन परिस्थितिको अभिव्यक्ति विजय मल्लका कवितामा पाइन्छ । *-रातोपाटी डटकम*

लोककथा — सुरेशकुमार भट्ट

## लोककथा : तीनपुड्के झाँक्री, हत्कडीले फुट्यो थाप्ली

कलेले थाप्लामा हत्कडीले बजायो । झाँक्रीको थाप्लीबाट रगत बग्नथाल्यो । झन् झाँक्रीकै सुरक्षा भएन उल्टो हारगुहार गर्न बाध्य भयो । 'मुर्खस्य ठिंगा बल' सबै सबै नै हाहाकार गर्न लागे । कताको हेर ' हेर ' कताको झारफुक कताको ढ्यांग्रो, बुढो झाँक्री आफैं थर्थर हुँदै डरले काम्न लाग्यो, यसलाई नबाँधी म त काम गर्न सक्दिन बाजे भनेर बरबर आँसु झार्‍यो । ल ल झाँक्री ज्ञान गर हामी बाँधिदिन्छौँ भनेर बाजेले हत्कडी लाएको मान्छेलाई हात माथिबाट कम्मरमा फनफनी डोरी कसे र ल यहाँ बस् भनेर झाँक्रीको अगाडि राखिदिए । अनि वरपर बलिया बलिया नातिहरूलाई राखिदिए । बल्लबल्ल झाँक्रीले ढ्यांग्रो ठटाएर ज्ञानगुठी गर्न थाले । त्यो पाला बडकर राखे (अवधि तोक्नु) केही हुन्न भएमा मलाई बोलाउनु होइन भने मैले राखेको बडकरको समयपछि मै आउँछु भनेर गए । झाँक्री परिचय-उत्तरी धादिङको घले गाउँमा जन्मिएका तीन पुड्के घलेले सानैमा वनझाँक्रीबाट ज्ञान पाएका धादिङ र गोरखामा नाम कमाएका झाँक्री हुन् तीन पुड्के घले । तीन पुड्के भन्नुको विशेष अर्थ छ । यी झाँक्रीको निधारमाथि एउटा र दुवै कानको माथिल्लो भागमा एक(एकवटा बेलाउती जत्रा टुटिल्को थियो । शायद अबिरो होला ? त्यसैले यीनलाई तीन पुड्के (पिडिल्के) भनिएको रहेछ । हाम्रा भट्ट परिवारमा धादिङ मावली हुने जति सबैले मामा भन्थे । त्यसैले पनि उनी चिरपरिचितको नाताले पनि हामीहरू कहाँ आइरहन्थे । उनको वनझाँक्री ज्ञानको कारण त उनी यसै उपचारका क्रममा महत्त्वका मान्छे थिए ।यो सत्यकथा एकजना ६०/६५ वर्ष पहिलेतिर बहुलाएका मानिसको हो । उनी हाम्रै परिवारका सोझासिधा बलिया अनि मृदुभाषी दाइ हुन् । उनलाई घरभित्रकै पारिवारिक कारण माथागरम भइरह्यो । त्यही कारण बारबार उहाँको मनस्थिति खल्बलिइरह्यो । शान्ति र चैन भएन । उनका जीवनीबारे के र कसरी एउटा सोझोसिधा र मैत्रीपूर्ण मान्छेको मन खल्बलिएर पागल बन्नपुग्छ, मानसिक रोगी हुन्छ भन्ने कुरा गहिरो अनुसन्धान गरियो भने एउटा मानवहितको पाटोमा निष्कर्षसहितको थेसिस बन्नपुग्छ । मानसिक रोगको कारण रोकथाम परिणाम पत्तालाग्न सक्छ ? किनकि प्रारम्भमै सचेतना जगाई डिप्रेसनमा जानुअघि नै रोकथाम गर्न सकिन्छ भन्ने निर्क्योल गर्न सकिन्छ । यहाँ के स्मरणीय छ भने लोग्ने भए स्वास्नीलाई र स्वास्नी भए लोग्नेलाई पहिले सोधखोज र अनुसन्धानको घेरामा ल्याएर सुरु गर्नुपर्छ । तब रोकथाम र उपचार परिवारबाटै चेतना र मनोचिकित्सा विधिका लागि कारण अनुसन्धान गर्नुपर्छ । कारण लोग्ने वा स्वास्नी हो कि अरू हो ? परिवारभित्रै खोजी गरी पत्तालगाई चेतनामूलक मनोचिकित्सा पद्धति अपनाउनु पर्दछ । डिप्रेसन भएछ औषधि खुवाउने भन्नुपूर्व गहिरो अनुसन्धान र सचेतनाको जरुरी हुन्छ । डिप्रेसन भएछ औषधि खाने खुवाउने भनेर कारण खोजी नै नगर्नु महाभुल हो । जहाँ पूर्वरोकथाम सचेतन हुँदैन त्यहाँ मारनमरन र मृत्युसम्मका कुरा सहजै हुनपुग्छन्, परिवार तहसनहस हुन्छ । तसर्थ डाक्टरी उपचार भनेको दोस्रो चरणको दोस्रो र तेस्रो उपाय हो । नेपाली समाजमा अहिले पनि डिप्रेसनको औषधि खुवाउने कारण खोजेर मनोचेतना शिक्षा नदिने नलिने चलन हुनाले कसैले आत्महत्या गर्‍यो भने डिप्रेसन थियो मरेछ भनेर बस्ने प्रवृत्ति विद्यमान छ । जसको कारण आत्महत्या गर्नेको संख्या दिनानुदिन बढिरहेको छ । पंक्तिकारको ठोस अनुभव र भोगाइ पनि हो । अहिले त यस्तो छ भने त्यतिखेरको समयमा डाक्टर कहाँ पाउनु ? यी दाइको पनि कारण खोज्नुभन्दा ठेड्को खोज्ने, कोच्ने, नेलकडी हतकडी लाउने अलग्याइदिने काम गरे । एउटासँग बेथा छ अर्कोलाई डाइजेपम खुवाउने भने झैं भएकोले समस्या झन् कचल्टिँदै गयो । पटक-पटक औषधोपचार गरेर निको हुने अनि फेरि परिवारमा परिवर्तन नहुने पुरानै चक्कर चल्ने हुँदा दाजुलाई ब्यथा फर्कने भयो । यसरी १६/१७ सालदेखि नै दाजु पारिवारिक पीडाको कारण मानसिक रूपमा कहिले आबेग, कहिले संबेग, कहिले फिरन्ते हुँदै कहिले जुवाडे हुनगए पनि दाजुका पत्याउनै गाह्रो पर्ने तर सत्य घटना केही यहाँ उद्धरण गरिँदैछ । साल यकिन भएन २०२१ सालतिर आफ्नो गाउँबाट खोइ कसरी पुगे धादिङ पुगेछन् । यता बेपत्ता भयो खिर्राको ठेड्को भाँचेर भनिरहेका थिए । शायद उनी झाँक्री खोज्दै गए होलान् भन्ने अनुमान सबैले गरे । धादिङमा कताकता चहारे सल्यानटार हुँदै आरुघाट पारिपट्टिबाट बुढीगण्डकीमा हाम्फालेछन् र तल किनारामा उत्रिए छन् । सारा मान्छेहरू आश्चर्य मानेर वारिपारिबाट हेरिरहेका थिए । हतकडी नेलकडी लगाएको मान्छे त्यत्रो असोजको भेलमा पार भएको देख्दा चकित परेर हेरे । यही हल्ला मसेलसम्म पनि आइपुग्यो । खोज्न गए बाटोमा भेटेनन् तर केही दिनपछि मूलबाटोमा बाटोका कसिंगर ढुंगा फाल्दै पन्छाउँदै गरेको देखेर मसेल घरतिर खबर गरेपछि टेकप्रसाद माइला दाइ र अरू दुईजना भएर घर गाउँमा पुर्‍याए । उनको बानी जहिले नि बाटो सफा गर्दै हिँड्ने गर्थे । बिचलनमा पुग्दा पनि मान्छेले आफ्नो आदत बसिसकेको कामकुराछाड्दो रहेनछ भन्ने यसबाट पनि बुझिन्छ । पछिपछि त उनीकहाँ छन् भनेर खोज्न र पत्ता लाउन सफा गरेको बाटोबाटै थाहा हुनथाल्यो भेटिने भयो ।यसभन्दापूर्व तीन पुड्के घलेले उपचार गर्नुभन्दा पनि पहिल्यै सानकान्छाबाको घरपछाडिको केराको झ्याङनिर कुटी बनाएर ठकुरी जोगी बसेका थिए । ती चार विषयका आचार्य रहेछन् । साहित्याचार्य, ज्योतिषाचार्य, आयुर्वेदाचार्य, तान्त्रिक ज्ञाता रहेछन् । सानाकान्छाबाका छोरा कृष्णले गुरुमहाराज तपाईंले गरेर हुन्छ भने साइलाको उपचार गरिदिनुहोस् न धर्म हुन्छ भन्दा ए बा' मैले भनेका चिजहरू जम्मा गर्दिन सक्छौ ? सक्छौ भने म निको पारिदिन्छु । पक्वा औषधि खुवाएर त्यो साइलालाई म निको पारिदिन सक्छु भनेछन् । त्यही कुरा छ भाइ-बाहरू र बुढाबासँग पनि भन्दा हुन्छ भनेपछि औषधि जडिबुटी किनेर खोजेर जम्मा पारी जोगीलाई बुझाएको तेस्रो दिन साइलालाई लानुपर्ने भयो ।त्यसैले ए' साइला हिँड भन्दा मानेन, मलाई बोकेर लगे जान्छु नत्र जान्न भनेपछि पालैपालो काँधमा बोकेर लाने भनेर बोक्न थाले । पहिले माइला दाइले बोके नकराइकन चुपचाप पिठिउँमा बस्यो । अब बोक्ने पालो गोथे दाइको आयो । जब पिठिउँमा बोकेको मात्रैथियो पिठिएँमा बसेर दुईटा गोडाले गोथेदाइको पेटमा दुईपट्टिबाट बजार्दै भन्नथाल्यो-बोक गोथे बोक, बोक गोथे बोक । गोथे बलियो छ, यसैले बोक्छ भनेर अत्याएपछि माइला दाइले गालामा एक चट्कन तोरीको फूल देख्ने गरी ठोके ।चुप लाग कले चुप लाग तेरो बाजेले मार्ला चुपलाग नबोल भनिरा बेला 'फेरि' भन्ने बित्तिकै चुप लाग्यो । त्यसपछि ऋषे माइलाले बोकेर जोगी कुटी पुर्‍याए । मान्छेको जब दिमाग सड्कन्छ तब जड्याहाले रक्सी लाग्दै गएपछि पुराना मन दु:खेका र इबी साधनाका कुरा निकाल्न थालेझैँ यी पागलहरू पनि मनमा वर्षौंदेखि थन्क्याएर राखेको उकेल्न नसकेका कुरा उकेल्न र बैरी साँध्न थाल्दछन् । त्यही कारण यहाँ पनि साँधमा वर्षौं अगाडि झगडा परेको कुरा सम्झेर गोथे दाइलाई त्यसो भनेको भन्ने बुझिन्छ । जोगीले हेरेर झारफुक गरे अनि भने 'बिसेक हुन मन छ कि यत्तिकै छटाइरहने भन् ए ' छौँडा' मलाई निको बनाइदिनु गुरु महाराज म छटाउँदिन ।' ल त्यसो भए यहाँ बस् मतिर हेर् अनि मेरा आँखामा तेरा आँखाले हेरिरह अन्त नफर्की बरू असजिलो भए मलाई भन् हुन्छ । हस् भनेर त्यसै गरेपछि आफ्नै अघि बसाए । एक घण्टापछि यो मान्छे निको हुन्छ । औषधिले काम गर्छ भने । जोगीले लेखाएका र परिवारले खरिद गरी ल्याएको जोगीले नै युवाहरूको साथ लिएर पकाएको औषधि सबैले देख्ने गरी यतिका दरले खुवाउनु आज र भोलि म खुवाउँछु पर्सिबाट तपाईंहरूले खुवाउनु यसरी नै मात्रा मिलाएर भनेर जोगी बाबाले औषधि खुवाए । एकछिनपछि के हो निद्रा लाग्यो ? हो गुरु । सुत् उसोभए भनेर त्यहीँ गुन्द्रीमा सुताए । एकैछिनमा मस्त निदायो । जोगी बाबाले यसलाई औषधि खाएपछि सुताइदिनु र कसैले पनि नउठाउनु आफैं निद्रा खुलेर उठेपछि यो भोकाउँछ केही खाने कुरा दिनु कसैले पनि उसका अगाडि बसेर लामो बात नमार्नु ठूलो स्वरले नकराउनु बस् यति कुरा ख्याल राख्नु । पर्सिपल्ट घरमा लिएर गए । निरन्तर एक महिना औषधि खाएपछि सर्लक्कै निको पनि भए तर अलि ढिलोढिलो पाराका र शान्त प्रकृतिका जस्ता भए । त्यसो त पहिला पनि शान्त मसिनो र गफिलो पाराका खेलाँची गरिरहन मनपराउने बलिया मानिस थिए साइल्दाइ ।

सरसरी वाचन गर्न पढ्न र सिलोक कण्ठ गरेर भन्नसक्ने हुनाले साइल्दाइलाई फेरि बेथा फर्किएकाले कटेरामुनि ठेड्कामा बस्दा पनि सिलोक गाउँनेहुन्थ्यो । उहाँको बा सबैको ठूलोमाइला बा, यता घरको अटालीमा सुत्नुहुन्थ्यो । बा पनि ओच्छ्यानमा सुतेर सिलोक भन्दै जानुहुन्थ्यो । सुरुसुरुमा साइल्दाइ पनि सुरकै पाराले गाउनुहुन्थ्यो । एक दुई फेर बाउछोराको सिलोक दोहोरी चलेपछि साइल्दाइले बिगारी हाल्ने भएकाले, होइन साइला तैंले बिगारिस् नबिगार्न । मैले बिगारेको हो ? तिमीले होइन भनेर सन्किने गरेपछि बा नकराइकन निदाए झैँ गरिरहनु हुन्थ्यो । अनि दाइलाई निद्रा नलाग्ने भएकोले पुराण भन्न थाल्नु हुन्थ्यो । उहाँले पुराण लाउँदा भएका घटनालाई पुराण बनाएर यसरी भन्नु हुन्थ्यो ।उहिल्यै एउटा गाउँमा जगटे भन्ने साहु थियो रे उसले म र आमा मरेको ठाउँमा सप्ताह लगाइदिनु भनेर ५७ हजारको ढुकुटीमाथि ७ हजार छुट्टै मन्थमली नै राखि दिएकाले २०१८ सालमा राती दाँते, भगे, ऋखे र कले मिलेर ५७ हजार बाँड्दा भागमाथि सात हजार पनि दाँते साहुले सप्ताहमै लगाइदिन्छु भनेर लिएकाले त्यही पैसाले सप्ताह लगाउँदा ल्याएको दूध राति-राति उसको भतिजो कले भन्नेलाई दही मथ्न मोही पार्न लगाउँथ्यो रे । बाहिर भजनकीर्तन गर्नेलाई लगेर मोही पनि बाँडिदिन्थ्यो रे । हरे राम भनेर भजन गाउँथे, गाउँदागाउँदै सन्किएर बरबराउन थाल्थे । *(इहिमालय टाइम्स*

# एसइईमा चार जिपिए ल्याउने विद्यार्थीलाई एक लाखसहित सम्मान



**तम्घास (गुल्मी),** जेठ १/माध्यमिक शिक्षा परीक्षा (एसइई)मा चार जिपिए ल्याउने विद्यार्थीलाई गुल्मीमा नगद एक लाख रुपैयाँसहित सम्मान गरिएको छ । रेसुङ्गा नगरपालिका-१ मा रहेको महेन्द्र माध्यमिक विद्यालयले एसइईमा चार जिपिए ल्याउने विद्यार्थी अस्मिता पाण्डेलाई नगद एक लाखसहित सम्मानपत्रले सम्मान गरेको हो ।

शुक्रबार विद्यालयमा आयोजित विद्यार्थी सम्मान कार्यक्रममा रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थी, प्रधानाध्यापक कृष्णप्रसाद मरासिनीलगायतले पाण्डेलाई चेक र सम्मानपत्र प्रदान गरे । गत चैतमा भएको एसइईमा महेन्द्र माविबाट ८० विद्यार्थी सहभागी थिए । जसमध्ये ६८ जना उत्तीर्ण भएको सहायक प्रधानाध्यापक लक्ष्मी पन्थी अर्यालले जानकारी दिए । गुल्मी जिल्लाभरबाट कुल छ जना विद्यार्थीले चार जिपिए ल्याएका छन् । जसमा पाण्डेसहित रेसुङ्गा माविकी दीक्षा पोखरेल, रुरुक्षेत्र गाउँपालिकाको रिडी माविकी मर्यादा पौडेल, रेन्बो इङ्लिस बोर्डिङ स्कुलका आरुसा श्रेष्ठ र खोमराज पन्थी एवं चन्द्रकोट गाउँपालिका दिब्रुङस्थित शारदा माविकी रीतिका गौतम रहेका छन् । शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख थानेश्वर गौतमका अनुसार गुल्मीबाट साधारण धारतर्फ तीन हजार ३३९ विद्यार्थी सहभागी भएकामा २९३ अर्थात् ६८ दशमलव ६८ प्रतिशत उत्तीर्ण भएका छन् । साधारण धारमा ३ दशमलव ६ देखि ४ जिपिए ल्याउने विद्यार्थी २२१ जना छन् । त्यसैगरी, प्राविधिक धारतर्फ २५९ विद्यार्थी सहभागी भएकामा १८२ जना उत्तीर्ण भएका छन् । जुन कुल सहभागी संख्याको ७० दशमलव २८ प्रतिशत हो । महेन्द्र माविका प्रधानाध्यापक मरासिनीका अनुसार विद्यार्थी एवं शिक्षकको कडा मिहिनेत, अभिभावकको पूर्ण सहयोग एवं सरकारी पक्षबाट पनि आवश्यक सहयोगको कारण सफलता हासिल गरेको बताए । -*रासस*

## रामपुरमा सार्वजनिक...

...उनले समस्या समाधानका लागि पहल गर्नु पर्ने, नगरपालिका क्षेत्रमा सार्वजनिक स्थलमा निर्माण भएका प्रतिष्ठान भवनहरु नगरपालिकाको निगरानी राख्नु पर्ने धारणा राखे ।राष्ट्रिय प्रजातन्त्र पार्टी रामपुरका नगर अध्यक्ष बृहस्पति अर्यालले पनि सार्वजनिक स्थानमा निर्माण भएका प्रतिष्ठान भवनहरूबाट संकलन भएको घर बहाल नगरपालिकाले अशुल्नु पर्नेमा जोड दिए ।

नगरपालिकाका प्रवक्ता एवं वडा नम्बर १ का वडा अध्यक्ष कपिलबहादुर खाँणले सुकुम्बासी भन्दा पनि अव्यवस्थित बसोबासीको समस्या रहेको जानकारी गराउँदै वास्तविक सुकुम्बासीको पहिचान गर्नुपर्ने बताए । कालीगण्डकी करिडोरको सडक मापदण्डले सडक दायाँबायाँ रहेका स्थानीयलाई सुकुम्बासी बनाउने अवस्था रहेको बताउँदै त्यसका लागि पहल गर्नुपर्नेमा उनले जोड दिए । वडा नम्बर ३ का वडाध्यक्ष दामोदर पाठकले जग्गाको पुन: वर्गीकरण गर्नुपर्ने, जग्गामा निर्माण भएका संरचनाहरूलाई पालिका मातहतमा ल्याएर कर संकलन गर्नुपर्नेमा जोड दिए । रामपुर नगरपालिका ५ का वडाध्यक्ष दुर्गाप्रसाद पोखरेलले सार्वजनिक जग्गाको संरक्षणका लागि वडाले विगत तीन वर्षदेखि अभियानको रुपमा जानकारी गराए । लालपुर्जा भन्दा बाहेक अतिक्रमित जग्गामा बनेको संरचना भत्काउनुपर्ने, संयम भएर रामपुरको भविष्य निर्माणका लागि सकारात्मक सुझावको आवश्यकता रहेको उनले बताए । वडा नम्बर ६ का वडाध्यक्ष दिवाकर देवकोटाले वडाले जग्गा सिमाङ्कनको काम गर्ने तयारी गरेको जानकारी दिए । सार्वजनिक जग्गामा रहेका घर टहराहरू व्यवस्थापन पश्चात् मात्र भत्काउनुपर्नेमा उनले जोड दिए । वडा ७ का वडाध्यक्ष दोबराज तिवारीले सुकुम्बासी समस्या समाधानका लागि थप अध्ययन आवश्यक रहेको बताए । वडा ८ का वडाध्यक्ष दिनेश आचार्यले सार्वजनिक जग्गाभित्र पर्ने संरचनाहरू सूचना र समय दिएर हटाउनुपर्ने बताए । नगरपालिकाका सल्लाहकार हुमनाथ न्यौपानेले सुकुम्बासी तथा व्यवस्थित जग्गाको समस्या समाधानमा गम्भीर भएर लाग्नुपर्ने बताए । उनले गरिब विपन्न परिवारको उचित व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । नगर सल्लाहकार मित्रलाल कँडेलले सुकुम्बासीको वडागत लगत संकलन गर्नुपर्ने, र उनीहरूको लागि बसिरहेको स्थानमा जग्गा दिन उपयुक्त हुने बताए । नगर सल्लाहकार दिनेस खनालले सुकुम्बासीलाई उचित स्थानमा व्यवस्थापन गर्नुपर्ने र दर्ताका लागि प्रक्रिया अगाडि बढाउनुपर्नेमा जोड दिए । उनले पनि प्रतिष्ठान भवनलाई पालिका मातहतमा ल्याउनुपर्नेमा जोड दिए । नगर प्रमुख रमण बहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन योजना शाखा प्रमुख विक्रम बस्नेतले गरेका थिए ।

## खेलकुद समाचार

### आईपीएलमा पञ्जावको लगातार पाँचौँ हार




**काठमाडौं,** जेठ १/ इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा मुम्बई इन्डियन्सले पञ्जाव किङ्सलाई हराएको छ । मुम्बई ६ विकेटले विजयी भएको हो ।

विहीबार बेलुका धर्मशालामा टस हारेर पहिला ब्याटिङ गरेको पञ्जावले ८ विकेट गुमाएर २०० रन बनाएको थियो । पञ्जावले दिएको २०१ रनको लक्ष्य पछ्याएको मुम्बईले १९ ओभर ५ बलमा ४ विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो । मुम्बईको जीतमा तिलक बर्माले अविजित रहँदै ३३ बलमा ७५ रन बनाए । आईपीएल क्रिकेटमा लगातारको ६ जीतपछि करिब ३ हप्तासम्म शीर्षस्थानमा रहेको पञ्जावले लय गुमाएको हो । त्यसपछि लगातार ५ खेल हारिसकेको छ । अंक तालिकामा पञ्जाव १२ खेलमा १३ अंकका साथ तालिकाको चौथो स्थानमा छ भने मुम्बई समान खेलमा ८ अंकका साथ तालिकाको नवौँ स्थानमा छ । आईपीएल क्रिकेटमा लखनउ सुपर जाइन्ट्स र चेन्नई सुपर किङ्स खेल्दैछन् ।

## अर्थ/कर्पोरेट समाचार

# सामान्य अंकले बढ्यो नेप्से



**पाल्पा,** जेठ १/ सेयर कारोबार साताको अन्तिम दिन शुक्रबार नेप्से परिसूचक सामान्य अंकले बढेर बन्द भएको छ । नेप्से परिसूचक १ दशमलव ७७ अंकले बढेर २ हजार ७ सय ३१ दशमलव ९४ विन्दुमा अडिएको छ ।

यसअघि बुधबार नेप्से परिसूचक १० दशमलव ०७ अंकले घटेर २ हजार ७ सय ३० दशमलव १७ विन्दुमा पुगेको थियो । सो दिन ३ अर्ब २९ करोडको सेयर कारोबार भएको थियो । नेप्से परिसूचक सामान्य अंकले बढे पनि कारोबार रकममा भने बिहीबारको तुलनामा कमी आएको छ । यसदिन ३३८ स्क्रिप्सको ७९ लाख ३४ हजार ४४४ कित्ता सेयर ३ अर्ब ९ करोड ७९ लाख ५३ हजार ४८६ रुपैयाँमा कारोबार भयो । कारोबारमा आएकामध्ये १२७ वटा स्टक्सको मूल्य बढ्दा १२० वटाको घट्यो । २२ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । शुक्रबार कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन । युनियन हाइड्रोपावरको सेयर सर्वाधिक १४ दशमलव ७९ प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा युनियन हाइड्रोपावर शीर्षस्थानमा रह्यो । सो कम्पनीले ३० करोड मूल्य बराबरको सेयर कारोबार गर्‍यो । अपी पावरले ११ करोडको सेयर कारोबार गर्दा रिलायन्स स्पिनिङ मिल्स रकरोड र एसवाई प्यानल नेपाल र नेसनल हाइड्रोपवारले ८/८ करोडको कारोबार गरे । सातवटा समूहको उपसूचक बढ्दा अरु समूहको उपसूचक नकारात्मक देखिए । बैंकिङ,फाइनान्स,होटल एण्ड टुरिजम,हाइड्रोपावर,नन लाइफ इन्स्योरेन्स,अदर्श समूह र ट्रेडिङ समूहको उपसूचक बढ्दा अरु समूहको उपसूचक नकारात्मक देखिएका हुन् ।

## लुम्बिनी मन्त्रिपरिषद् बैठक ...

...गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, रुकुमपूर्व र बर्दियाको हकमा घरेलु तथा साना उद्योग कार्यालयबाट गर्ने, साथै दाङ जिल्लाको हकमा घरेलु तथा साना उद्योग कार्यालयबाट समेत सञ्चालन गर्ने निर्णय गरिएको हो । बैठकले प्रदेश सचिवको पदमा नारायणप्रसाद अर्याललाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सुशीला अर्याललाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सचिवको जिम्मेवारी तोकिएको प्रवक्ता पन्थीले जानकारी दिए ।

बैठकले अध्ययन पूर्वस्वीकृति तथा अध्ययन बिदा स्वीकृतिसम्बन्धी कार्यविधि, २०८३, आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नियमावलीलाई प्रशासन तथा विधेयक समितिमा पठाउने निर्णय गरेको छ । बैठकले वन तथा वातावरण मन्त्रालयले धार्मिक वन हस्तान्तरणका लागि नेपाल सरकारलाई सिफारिस गर्ने तथा निजी वनमा भएका रूखको कटान, उपयोग, ओसारपसार, बिक्रीवितरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०८३ लाई सम्बन्धित समितिमा पठाउने निर्णय गरिएको छ ।-*रासस*

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई